# स्थानीय राजपत्र

**तिनाउ गाउँपालिका, पाल्पाद्वारा प्रकाशित**

**खण्ड २) तिनाउ गाउँपालिका, मितिः २०७७/०८/१४**

**भाग–२**

**तिनाउ गाउँपालिका, पाल्पा**

स्थानीय सरकार सञ्चालन ऐन, २०७४ को दफा १०२ को उपदफा (१) बमोजिम तिनाउ गाउँकार्यपालिकाले बनाएको तल लेखिए बमोजिमको कार्यविधि सर्वसधारणको जानकारीको लागि प्रकाशन गरिएको छ ।

**सम्वत् २०७७ सालको कार्यविधि**

**कार्यविधिको नाम : तिनाउ गाउँपालिकाको साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि, २०७७**

गाउँ कार्यपालिकाबाट पारित मितिः २०७७/०८/०७

**प्रस्तावनाः**

आर्थिक सामाजिक सूचकका आधारमा कमजोर देखिएका घरपरिवार तथा व्यक्तिहरुको शिक्षा, स्वाथ्य, रोजगारी, आयआर्जनको अवसर तथा सामाजिक संरक्षणका कार्यक्रम मार्फत् जीवरस्तरमा सुधार गरी गरिवी निवारण गर्ने साथै नेपाल सरकारका नियमित र आवधिक योजनाहरुलाई टेवा पुऱ्याउने उद्देश्यले सरकारी वा गैह्रसरकारी संघ संस्था वा निजी क्षेत्र र गाउँपालिका बीच अल्पकालीन वा दीर्घकालीन योजनाहरु संचालन गर्न तिनाउ गाउँपालिकाले स्थानीय सरकार संचालन ऐन २०७४ को दफा १०२ ले दिएको अधिकार प्रयोग गरी स्थानीय सरकार संचालन ऐनको दफा २५ र २६ लाई कार्यान्वयन गर्न यो कार्यविधि तयार गरी लागू गरेको छ ।

## परिच्छेद-१
## संक्षिप्त नाम, प्रारम्भ र परिभाषा

१. यो कार्यविधिको नाम तिनाउ गाउँपालिका "साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि, २०७७" रहेको छ ।

२. यो कार्यविधि गाउँकार्यपालिका बैठकबाट स्वीकृत भएपछि प्रारम्भ हुनेछ ।

**३. परिभाषाः** विषय वा प्रसङ्गले अन्य अर्थ नलागेमा यस कार्यविधिमा

क) "कार्यविधि" भन्नाले तिनाउ गाउँपालिका साझेदारी कार्यक्रम संचालन तथा व्यवस्थापन कार्यविधि, २०७७ लाई सम्झनु पर्दछ ।

ख) "कार्यक्रम" भन्नाले साझेदारी कार्यक्रमलाई सम्झनु पर्दछ ।

ग) "गाउँपालिका" भन्नाले तिनाउ गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालयलाई सम्झनु पर्दछ ।

घ) "साझेदारी" भन्नाले स्थानीय तह, गैह्रसरकारी संघसंस्था, सामुदायिक संघसंस्था, दातृ निकाय, सहकारी, निजी क्षेत्र, उपभोक्ता समिति आदि समेतसँग संयुक्त लगानीमा गरिने साझेदारी काम वा योजनालाई सम्झनु पर्दछ ।

ङ) "कार्यक्रम व्यवस्थापन तथा अनुगमन समिति" भन्नाले गाउँपालिका अध्यक्षको अध्यक्षतामा गठित समितिलाई सम्झनु पर्दछ ।

च) "गैरसरकारी संस्था" भन्नाले राष्ट्रिय तथा अन्तराष्ट्रिय गैह्रसरकारी संस्थालाई सम्झनु पर्दछ ।

छ) "ऐन" भन्नाले स्थानीय सरकार सञ्चालन ऐन, २०७४ लाई सम्झनु गर्दछ ।

## परिच्छेद-२
## साझेदारी कार्यक्रमका क्षेत्र

**४. साझेदारी कार्यक्रम संचालन हुने क्षेत्र देहायअनुसार हुनेछन्-**

क) शिक्षा
ख) स्वास्थ्य
ग) कृषि
घ) पशु विकास
ङ) भौतिक पुर्वाधार
च) विपत् व्यवस्थापन तथा जलवायु परिवर्तन
छ) खानेपानी तथा सरसफाई
ज) रोजगारी तथा स्वरोजगार सृजना
झ) सामाजिक संरक्षण, पुनःस्थापना र सचेतना
ञ) वन तथा वातावरण संरक्षण
ट) संस्थागत विकास तथा सुशासन
ठ) सहकारी संस्थाहरुको सवलीकरण
ड) स्थानीय उत्पादनको बजारीकरण

## परिच्छेद-३
## कार्यक्रमको संचालन

**५. कार्यक्रम छनौटः**

क) साझेदारी कार्यक्रमको लागि वडा स्तरबाट कार्यक्रम वा योजनाको छनौट गरी गाउँसभाबाट स्वीकृत गर्नुपर्नेछ ।

ख) साझेदारी कार्यक्रम अन्य स्थानीय तहहरुसँग मिलेर पनि संचालन गर्न सकिनेछ ।

**६. प्रस्तावको ढाँचाः** साझेदारी कार्यक्रम संचालन गर्नका लागि माग गरिने प्रस्तावको ढाँचा **अनुसूची-२** बमोजिम हुनेछ ।

**७. साझेदारीको हिस्साः** साझेदारी गर्न चाहने स्थानीय तह/दातृ निकाय/गैह्रसरकारी संघसंस्था/सामुदायिक संघसंस्था/ सहकारी/निजी क्षेत्र वा उपभोक्ता समितिले कम्तीमा २० देखि ८० प्रतिशत सम्म साझेदारी गर्न सक्नेछन् ।

**८. सालवसाली वा बहुवर्षीय हुनेः** साझेदारी कार्यक्रम गाउँसभाको निर्णयबमोजिम सालबसाली वा बहुवर्षीय हुनेछ । तर कार्यक्रमको वार्षिक उपलब्धीको आधारमा अर्को वर्षको कार्यक्रम थप गर्ने वा नगर्ने निर्णय गाउँसभाले गर्नेछ ।

**९. बजेट व्यवस्थाः** साझेदारी कार्यक्रमको लागि साझेदारहरुले अनिवार्य रुपमा सम्झौता बमोजिमको बजेटको व्यवस्था गर्नुपर्नेछ ।

**१०. कार्यान्वयनको जिम्मेवारीः** साझेदारी कार्यक्रम कार्यान्वयनको जिम्मेवारी कस्को हुने भन्ने निर्णय कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिले तोकेबमोजिम हुनेछ ।

## परिच्छेद-४
## प्रस्ताव छनौटका मापदण्ड

**११. साझेदारी कार्यक्रमको प्रस्ताव छनौटका मापदण्ड देहाय बमोजिम हुनेछन्-**

क) साझेदारी कार्यक्रमको लागि प्रस्ताव पेश गर्ने संस्थाको दर्ता, नवीकरण, करचुक्ता, विगत तीन वर्षको लेखापरीक्षण प्रतिवेदन, कार्यानुभव पत्र, समाज कल्याण परिषद्मा आवद्ध भएको पत्र (आवद्ध हुनु पर्नेहरुको हकमा), विधान (विधान हुनेको हकमा) को प्रतिलिपि प्रस्ताव साथ पेश गरेको हुनु पर्नेछ ।

तर यस प्रावधानले स्थानीय तहहरुसँग उक्त कागजात नभए पनि साझेदारी कार्यक्रम सञ्चालन गर्न बाधा पुऱ्याएको मानिने छैन ।

ख) सम्बन्धित क्षेत्रमा कम्तीमा पाँच वर्ष काम गरेको अनुभव भएको ।

ग) साझेदारीको लागि आवश्यक बजेटको स्रोत खुलाएको वा व्यवस्था गर्नसक्ने पर्याप्त आधार पेश गरेको ।

घ) साझेदारी कार्यक्रम सञ्चालनको लागि लक्ष्य, उद्देश्य र लजिकल फ्रेमवर्क (Project Logical Frame Work) सहितको प्रस्ताव पेश गरेको तथा लक्ष्य र उद्देश्य हाँसिल गर्न सक्ने स्पष्ट क्रियाकलाप तय गरेको प्रतिस्पर्धी संस्थालाई छनौटका लागि प्राथमिकता दिईनेछ ।

## परिच्छेद-५
## व्यवस्थापन

**१२. साझदारी कार्यक्रम संचालन, व्यवस्थापन, अनुगमन र सहजीकरणका लागि देहाय बमोजिमको गाउँपालिका स्तरीय कार्यक्रम व्यवस्थापन तथा अनुगमन समिति रहनेछन् -**

क) तिनाउ गाउँपालिका अध्यक्ष-अध्यक्ष
ख) तिनाउ गाउँपालिकाको उपाध्यक्ष- सदस्य
ग) कार्यक्रम संचालन भएका वडाका वडा अध्यक्षहरु- सदस्य
घ) साझेदार संस्थाको प्रतिनिधि २ जना- सदस्य
ङ) सम्बन्धित विषयगत शाखा प्रमुख- सदस्य
च) प्रमुख प्रशासकीय अधिकृत- सदस्य सचिव
छ) आवश्यकता अनुसार अन्य व्यक्तिलाई अमन्त्रीत गर्न सकिने ।

**१३. कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिको काम, कर्तव्य र अधिकार देहाय बमोजिम हुनेछ-**

क) कार्यक्रम संचालनको विधि र रुपरेखा निर्धारण गर्ने ।
ख) कार्यक्रमको अनुगमन, मूल्यांकन र नियमित समिक्षा गर्ने ।
ग) कार्यक्रम मूल्यांकनको आधारमा चौमासिक भुक्तानीको लागि सिफारिस गर्ने ।
घ) कार्यक्रम संचालनको लागि आवश्यक व्यवस्थापकीय काम एवं समन्वय र सहजीकरण गर्ने ।
ङ) कार्यक्रमको कार्यान्वयन साझेदार वा तेश्रो पक्ष कसले गर्ने हो सोको निर्धारण गर्ने ।
च) साझेदारी कार्यक्रम संचालन सम्बन्धी अन्य आवश्यक निर्णयहरु गर्ने ।

## परिच्छेद-६
## प्राविधिक समिति

**१४. साझेदारी कार्यक्रमको लागि पेश गरिएका प्रस्तावहरुको मूल्यांकन गरी छनौटको सिफारिस गर्न देहायबमोजिमको साझेदारी कार्यक्रम प्रस्ताव छनौट प्राविधिक समिति गठन गरिने छ -**

क) गाउँपालिका अध्यक्ष- संयोजक
ख) गाउँपालिका उपाध्यक्ष- सदस्य
ग) सम्बन्धित शाखाको सम्पर्क व्यक्ति - सदस्य
ग) प्रमुख प्रसाशकिय अधिकृत- सदस्य सचिव
घ) आवश्यकता अनुसार अन्य व्यक्तिलाई अमन्त्रीत गर्न सकिने ।

**१५. काम कर्तव्य र अधिकारः** प्रस्ताव छनौट प्राविधिक समितिले निर्धारित मापदण्डको आधारमा प्रस्ताव छनौट गरी कार्यपालिकामा सिफारिस गर्ने ।

## परिच्छेद-७
## सम्झौता, भुक्तानी, अनुगमन तथा मूल्यांकन

**१६. सम्झौताः** साझेदारी कार्यक्रमको सम्झौता प्रस्ताव छनौट प्राविधिक समितिको सिफारिसमा कार्यपालिकाको निर्णय बमोजिम सिफारिस भएको १५ दिनभित्र प्रमुख प्रशासकीय अधिकृतले **अनुसूची-३** बमोजिमको ढाँचामा गर्नुपर्नेछ ।

**१७. भुक्तानीः** साझेदारी कार्यक्रमको भुक्तानी देहायबमोजिम हुनेछ -

क. सम्झौता भएपश्चात् जम्मा वार्षिक वजेटको २५ प्रतिशत रकम कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिको सिफारिसमा कार्यक्रम कार्यान्वयन गर्ने जिम्मेवारी पाएको संस्था वा कार्यालयको खातामा पेश्की स्वरुप जम्मा गर्नु पर्नेछ ।

ख. दफा १७. क) बमोजिम प्राप्त पेश्की रकम तोकिएका क्रियाकलापहरु सम्पन्न भएपछि प्रगति प्रतिवेदन, बिल, भरपाइका आधारमा फछ्र्यौट गरी आगामी चौमासिकको कार्ययोजना साथ कार्यक्रम कार्यान्वयन गर्ने जिम्मेवारी पाएको संस्था वा कार्यालयले पेश्की माग गरेमा कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिको सिफारिसमा उपलब्ध गराउँदै जानु पर्नेछ । पेश्की फर्श्यौट र पुन पेश्की कम्तीमा १५ दिन भित्र पुरा गरिनेछ ।

**१८. अनुगमन तथा मूल्यांकनः साझेदारी कार्यक्रमको अनुगमन तथा मूल्यांकन देहायबमोजिम हुनेछ -**

क) कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिले दफा १३. ख) बमोजिमले चौमासिक अनुगमन तथा मूल्यांकन गर्नेछ । आवश्यक ठानेमा सो अगावै पनि अनुगमन गरी आवश्यक निर्देशन दिन सक्ने छ ।

ख) कार्यक्रमको अन्तिम भुक्तानी हुनुअघि गाउँपालिका स्तरीय अनुगमन तथा मूल्यांकन समितिले साझेदारी कार्यक्रमको अनुगमन मूल्यांकन गर्नेछ । सो समितिको सिफारिसमा अन्तिम भुक्तानी दिइनेछ ।

## परिच्छेद-८
## विविध

१९. **प्रतिवेदनः** साझेदारी कार्यक्रमको प्रगति प्रतिवेदन **चौमासिक रुपमा साझेदार संस्थाले** पेश गर्नुपर्नेछ ।

२०. **लेखापरीक्षणः** कार्यक्रम सम्पन्न भएपश्चात् कार्यक्रमको लेखापरीक्षण प्रचलित कानूनबमोजिम गाउँपालिकाले गर्नेछ । वा लेखापरीक्षणका लागि मान्यता प्राप्त व्यक्तिवाट गराउन सक्ने छ ।

२१. **खर्चमा बन्देजः** साझेदार पक्षहरुले सम्झौतामा उल्लेखित शिर्षकहरु बाहेक अन्य क्षेत्रमा खर्च गर्न पाइने छैन । खर्च गर्नु पर्ने अवस्था आएमा कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिको सिफारिसमा दुवै पक्षको सहमतिबाट गरिनेछ ।

२२. **कसुर र सजायः**

क) साझेदारी कार्यक्रमको सम्झौता पश्चात् दोस्रो पक्षले कार्यक्रम सम्पन्न नगरी छाड्न पाइने छैन । यदि बीचैमा छाडेमा छाड्ने पक्षले उक्त कार्यक्रम वा योजना पूरा गर्दा लाग्ने खर्चको मूल्यांकन गराई हर्जना व्यहोर्नु पर्नेछ ।

२३. **पारदर्शिताः** साझेदारी कार्यक्रमको आम्दानी खर्च नियमित रुपमा सार्वजनिक गर्नुपर्नेछ । कार्यक्रम छनौट, अनुगमन तथा मूल्यांकन र कार्यान्वयन गर्दा जनसहभागितामूलक विधिको अवलम्वन गरिनेछ ।

२४. **उत्तरदायित्वः** कार्यक्रम सञ्चालनको उत्तरदायित्व सबै साझेदारहरुले समान रुपमा वहन गर्नु पर्नेछ ।

२५. **बाधा अडकाउ फुकाउ र व्यख्या गर्न सक्नेः** गाउँ कार्यपालिकाले यस कार्यविधिमा थपघट, हेरफेर, संशोधन, व्याख्या वा बाधाअड्काउ फुकाउन सक्नेछ ।

२५. **दिगोपनाः** कार्यक्रम सञ्चालनकै क्रममा समूहमा आवद्ध सदस्यहरुलाई सहकारीमा संगठित गरिनेछ । समयावधि सकिएपछि समूह समितिमा भएको पुँजीलाई कृषि सहकारीमा परिणत गरिनेछ । विभिन्न संघसंस्थासँग समन्वय गरी सहकारीको माध्यमबाट किसानको आयआर्जन र जिविकोपार्जनमा सहयोग हुने खालका कार्यक्रमहरु सञ्चालन गरिनेछ ।

**अनुसूची-१**

प्रस्तावना आव्हान सम्बन्धि सूचनाको नमूना

**तिनाउ गाउँपालिका**

**लुम्बिनी प्रदेश**

**दोभान, पाल्पा**

**साझेदारीमा कार्यक्रम सञ्चालन गर्नका लागि प्रस्तावना आव्हान सम्बन्धी सूचना**

प्रथम पटक प्रकाशित मितिः

तिनाउँ गाउँपालिकाको आर्थिक वर्ष २०७७/७८ को स्वीकृत वार्षिक कार्यक्रम अनुसार **साझेदारी कार्यक्रम सञ्चालन तथा व्यवस्थापन कार्यविधि २०७७** को अधिनमा रहि कृषि तथा पशुवस्तुहरुको उत्पादन बृद्धि गरी रोजगारमूलक उद्यमशील र मर्यादित कृषि व्यवसायको विकास गर्नका लागि कृषि तथा पशु उद्यमशीलता विकास कार्यक्रम सञ्चालन गर्नका लागि आवश्यक योग्यता पुगेका ईच्छुक गैरसरकारी संस्थाहरुबाट यो सूचना प्रकाशन भएको मितिले १५ दिन भित्र तपसिल बमोजिमका कागजातहरु सहित तिनाउँ गाउँपालिकामा शिलवन्दी प्रस्तावनापत्र पेश गर्न यो सूचना प्रकाशित गरिएको छ ।

**तपसिल**

१. संस्था स्थापना भई कम्तीमा ५ वर्ष कार्यक्रम कार्यान्वयन गरेको अनुभव हुनुपर्दछ ।
२. सामाजिक परिचालनको माध्यमबाट सामाजिक पुँजी निर्माण सम्बन्धि काम गरेको ।
३. सामुदायिक विकास, जिविकोपार्जन र महिला सशक्तिकरणको क्षेत्रमा अनुभव भएको ।
४. कृषि तथा पशुको उत्पादन, उत्पादकत्व तथा मूल्य श्रृंखलाको क्षेत्रमा काम गरेको ।

५. समुदायमा आधारित सहकारी संस्था मार्फत कृषि तथा पशुवस्तु उत्पादनको लागि आवश्यक सेवा तथा बजारीकरण प्रवर्द्धनमा काम गरेको ।
६. कृषि तथा पशु विकासका लागि आवश्यक दक्ष जनशक्ति भएको संस्था
७. कृषक पाठशाला र समुदायमा आधारित पशुको नश्ल सुधार सम्बन्धि काम गरेको ।
८. कृषि तथा पशु विकाससँग सम्बन्धित स्रोत पुस्तिका, प्रसार प्रचार सामाग्री, वृत्तचित्र निर्माण तथा विकासमा काम गरेको अनुभव भएको संस्था ।
९. कृषि र पशु विकास सम्बन्धि संभाव्यता अध्ययन, अनुसन्धान, अनुगमन तथा मूल्यांकन सम्बन्धि काम गरेको ।
१०. नेपाल सरकारको विभिन्न निकायहरुसँग साझेदारी गरी काम गरेको अनुभव भएको हुनुपर्ने छ । लागत साझेदारी र प्राथमिकता कार्यक्रम सञ्चालन गर्न ईच्छुक संस्थाले कार्यक्रमसँग सम्बन्धित सञ्चालन खर्च जस्तै कर्मचारी तलव र सुविधा, कार्यालय सञ्चालन र व्यवस्थापन खर्च आफैले व्यवस्थापन गर्नु पर्ने छ ।

संयुक्त उपक्रममा (Joint Venture) प्रस्तावना पेश गर्ने संस्थालाई प्राथमिकता दिईने छ । संस्थाले यो कार्यक्रमको लागि स्थानीय तहको कार्यक्रम संचालन भएको क्षेत्रको पायक पर्ने स्थानका कार्यालय स्थापना गरी कार्यक्रम सञ्चालन गर्नुपर्नेछ ।

**<u>थप जानकारीका लागि सम्पर्क :</u>**

तिनाउँ गाउँपालिका
गाउँकार्यपालिकाको कार्यालय
तिनाउँ गाउँपालिका २ दोभान, पाल्पा
वेब साईट : tinaumun.gov.np
सम्पर्क नं ०७५,४१३०६३

# अनुसूची-२
# कार्यक्रम प्रस्तावको ढाँचा

## क. प्राविधिक प्रस्ताव

- प्रस्तावको सारसंक्षेप
- कार्यक्रमको नाम
- कार्यक्षेत्र
- कार्यक्रमको अवधि
- पृष्ठभूमी
- कार्यक्रमको औचित्य
- लक्ष्य र उद्देश्य
- लाभान्वित क्षेत्र र संख्या
- कार्यक्रम कार्यान्वयन विधि (संस्थागत संरचना, जनशक्ति, कार्यान्वयन पद्धति)
- प्रस्तावित क्रियाकलापहरु
- अपेक्षित उपलब्धी र प्रभाव (अल्पकालीन र दीर्घकालीन)
- अनुगमन तथा मूल्यांकन
- पारदर्शिता
- दिगोपना
- कार्यक्रम हस्तान्तरण
- प्रतिवेदन

## ख. आर्थिक प्रस्ताव

- सञ्चालन खर्च (तलवभत्ता तथा कर्मचारी सुविधा, कार्यालय सञ्चालन र व्यवस्थापन, सम्पत्ति खरिद, मसलन्द आदि)
- कार्यक्रम खर्च
- अन्य

# अनुसूची-३
# कार्यक्रम सम्झौताको ढाँचा

## "कृषि तथा पशु उद्यमशीलता विकास परियोजना" संचालनका लागि तिनाउँ गाउँपालिका दोभान पाल्पा र ....................(छनौट भएको गैर सरकारी संस्था) बीचको
## सम्झौता पत्र

**१. परिचय :**

तिनाउँ गाउँपालिकाले गैरसरकारी संघ संस्था तथा निजीक्षेत्र बीचको सहकार्यमा गरिबी निवारणका लागि दीर्घकालिन परियोजना सञ्चालन गर्ने उद्देश्यले कृषि तथा पशुवस्तुहरुको उत्पादन वृद्धि गरी रोजगारमूलक उद्यमशिल र मर्यादित कृषि व्यवसायको विकास गर्न प्रस्ताव आव्हान गरे अनुरुप ........ छनौट भई कार्यक्रम संचालनको लागि तिनाउँ गाउँपालिका (**"प्रथम पक्ष"**) र ............... (**"दोस्रो पक्ष"**) बीच मिति ............................... मा यो सम्झौता गरिएको छ । उक्त सम्झौता अन्तर्गत संचालन हुने परियोजनाको नाम "कृषि तथा पशु उद्यमशीलता विकास परियोजना" रहेको छ । यस परियोजनाको मुख्य लक्ष्य लक्षित परिवारहरुको वार्षिक आम्दानीमा वृद्धि गरी जीबिकोपार्जन सुधार गर्नु रहेको छ । यस परियोजनाको निर्दिष्ट उद्देश्यहरुमा आवद्ध महिला तथा युवा लाभग्राहीहरुलाई स्वावलम्वी समूहहरू तथा सहकारीमा आवद्ध गरी सामाजिक पूँजीको अभिवृद्धि गर्नु, बाख्रा/बंगुर व्यवस्थापन, दुग्ध तथा तरकारी उत्पादन र अन्य सम्भावित क्षेत्रहरुमा उन्नत प्रविधिहरूको अनुशरणबाट उत्पादन, उत्पादकत्व र उद्यमशिलता अभिवृद्धि गर्नु र विषयगत क्षेत्रको विकासका लागि संस्थागत संयन्त्र निर्माणार्थ सकारात्मक वातावरण सृजना गर्नु रहेको छ । यस

परियोजना व्यवस्थापनको नेतृत्व दोस्रो पक्षले गर्नेछ भने परियोजनाको कार्यान्वयनको मुख्य जिम्मेवारी प्रस्तावनामा उल्लेख भएको स्थानीय गैर सरकारी संस्था .................................. पाल्पाको हुनेछ ।

२. **कार्यक्रमको नाम** : "कृषि तथा पशु उद्यमशीलता विकास परियोजना"

३. **सम्झौता अवधि** : ..........................................

४. **कार्यक्षेत्र:** तिनाउ गाउँपालिका क्षेत्र भित्र हुनेछ ।

५. **प्रथम पक्षको जिम्मेवारी** :

- परियोजना प्रस्तावनामा उल्लेख भए बमोजिमको बजेट तोकिएको समयमा प्रगती प्रतिवेदनका आधारमा उपलब्ध गराउने ।
- संघीय सरकार, प्रदेश सरकार तथा अन्य सरोकारवालाहरूसँग समन्वय गर्ने गराउने ।
- परियोजना संचालनका लागि सहज वातावरण निर्माण गर्ने तथा स्थानिय कार्यक्षेत्रमा हुन सक्ने कुनै पनि प्रकारको वाधा, व्यवधान आदि समाधान गर्न दोस्रो पक्ष र स्थानीय गैर सरकारी साझेदार संस्थालाई सम्पूर्ण सहयोग गर्ने ।
- परियोजनाको अनुगमन, मुल्यांकन गर्ने तथा पृष्ठपोषण दिने ।
- प्रभावकारी कार्यन्वयनका लागि सहजीकरण गर्ने ।
- परियोजना संचालन गर्दा आइपर्ने नीतिगत तथा कानुनी सवालहरूलाई सहजीकरण गर्ने ।

६. **दोस्रो पक्षको जिम्मेवारी** :

- परियोजना क्षेत्रमा तय गरिएका क्रियाकलापहरू सञ्चालन गर्ने ।

- परियोजना विवरणमा उल्लेख भए अनुसार पहिलो पक्षको समन्वयमा योग्यता तथा अनुभव प्राप्त कर्मचारीहरू नियुक्ति गर्ने ।
- वार्षिक कार्ययोजनामा उल्लेख भए अनुसारका कृयाकलापहरू कार्यान्वयन गर्ने ।
- परियोजना कार्यान्वयन गर्न प्रथम पक्षसंग भएको संझौता अनुसारका गतिविधिहरू सञ्चालन गर्ने ।
- परियोजना व्यवस्थापन, कार्यान्वयन, स्रोत व्यवस्थापन आदिबारे प्रथम पक्ष, निजी क्षेत्र तथा अन्य सरोकारवालाहरुसंग समन्वय तथा नेतृत्व गर्ने ।
- परियोजनाको कार्यान्वयन तथा सुनिश्चितता, कार्यको गुणस्तरको सुनिश्चितता गर्ने ।
- परियोजनाको प्रगति तथा वित्तीय प्रतिवदेन तोकिएको ढाँचामा तयार गरी प्रथम पक्षलाई पेश गर्ने ।
- परियोजनाको कार्यान्वयन गर्ने क्रममा स्थानीय संस्था मार्फत नियुक्त भएका कर्मचारीहरुको क्षमता विकास गर्ने ।
- परियोजना कार्यान्वयन गर्न प्रथम पक्षसंग भएको सम्झौता अनुरुप वित्तिय स्रोतको व्यवस्थापन गर्ने ।

**७. वजेट र वित्तीय कार्यविधि :**

**७.१ परियोजनाको कुल बजेट :**

- यस परियोजनाको कुल वजेट रकम रु........................ (अक्षरेपी ................................... रुपैंया मात्र) हुनेछ । जस अन्तर्गत प्रथम पक्षको योगदान परियोजनाको कुल बजेट रकमको ...................... प्रतिशतका दरले जम्मा रु.........................(अक्षरेपी ................................ रुपैया मात्र) र दोस्रो पक्षको योगदान कुल बजेट रकमको ..........प्रतिशतका दरले जम्मा रु................................

(अक्षरेपी ...................................... रुपैँया मात्र) रहने व्यवस्था गरिएको छ ।

| क्र. सं. | आ.व. २०७७/०७८ | आ.व. २०७८/०७९ | आ.व. २०७९/०८० | कुल |
|---|---|---|---|---|
| पहिलो पक्ष | | | | |
| दोश्रो पक्ष | | | | |
| **जम्मा** | | | | |

**बजेट रकामान्तर सम्बन्धमा:**

- कुल बजेटमा असर नगर्ने गरी आवश्यकता अनुसार वार्षिक बजेटको १० प्रतिशत सम्म दोश्रो पक्षले आफै बजेट रकमान्तर गर्न सक्ने छ । सो भन्दा माथि तोकिए बमोजिमको विस्तृत बजेट बाट रकामान्तरण गर्न प्रथम पक्षको पूर्व स्वीकृति लिनुपर्नेछ ।
- परियोजनाको विस्तृत बजेट तथा विनियोजन अनुसुचिमा उल्लेख गरिएको छ ।

**७.२ बजेट निकासा :**

- परियोजना संचालनका लागि दोस्रो पक्षको नाममा छुटै बैंक खाता संचालन गरिनेछ । प्रथम पक्ष र दोस्रो पक्षले विनियोजन गरेको रकम सोही बैंक खाता मार्फत परिचालन गरिनेछ । खर्च र आम्दानीको लेखा राख्ने काम दोस्रो पक्षको जिम्मेवारी हुनेछ ।
- प्रथम पक्षले वार्षिक रुपमा बिनियोजन गरेको रकम पेश्कीको रुपमा तीन किस्तामा उपल्ब्ध गराउनु पर्नेछ । जस अर्न्तगत पहिलो किस्ता कुल बजेटको २५ प्रतिशत, दोस्रो किस्ता ४५ प्रतिशत र तेस्रो ३० प्रतिशत दोस्रो

पक्षको नाममा संचालन गरिने बैंक खातामा उपलब्ध गराउनुपर्नेछ ।

- प्रथम पक्ष र दोस्रो पक्षले वार्षिक रुपमा विनियोजन गरिएको कार्यक्रम अनुरुपको बजेट सोही आ.व.मा निकासा गर्नुपर्नेछ ।
- तोकिएका क्रियाकलापहरू सम्पन्न भए पछि प्रगति प्रतिवेदन, बिल, भरपाईका आधारमा पेश्की फछ्र्यौट गरी चौमासिकको लागि पेश्कीको माग गरिनेछ । कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिको सिफारिसमा माग गरिएको रकम निकासा गरिनेछ ।
- परियोजनाको आर्थिक प्रगति प्रतिवेदन चौमासिक रुपमा पेश गरिनेछ ।
- तल उल्लेख गरिएको तालिका बमोजिम प्रथम पक्षले दोस्रो पक्षलाई पेश्की उपल्ब्ध गराउनेछ ।

| क.स. | आ.व. | चौमासिक | रकम (रु.) | समय सिमा |
|---|---|---|---|---|
| १. | २०७७।०७८ | पहिलो | | |
| २. | २०७७।०७८ | दोस्रो | | |
| ३. | २०७७।०७८ | तेस्रो | | |
| ४. | २०७८।०७९ | पहिलो | | |
| ५. | २०७८।०७९ | दोस्रो | | |
| ६. | २०७८।०७९ | तेस्रो | | |
| ७. | २०७९।०८० | पहिलो | | |
| ८. | २०७९।०८० | दोस्रो | | |
| | २०७९।०८० | तेस्रो | | |
| **कुल बजेट** | | | | |

- यो परियोजना कार्यन्वयनका लागि परियोजना प्रस्तावनामा उल्लेख गरिएको स्थानीय साझेदार संस्थासंग दोस्रो पक्षले छुट्टै सम्झौता गर्नेछ ।
- कार्यक्रम संचालनका लगि दोस्रो पक्षले प्रत्येक आ.व.शुरु हुन पूर्व विस्तृत कार्यक्रम तथा बजेट प्रथम पक्षलाई पेश गर्नेछ ।

## ८. लेखा परिक्षण तथा प्रतिवेदन

- यो परियोजनाको वार्षिक लेखा परिक्षण दोस्रो पक्षले प्रत्येक आ.व.को समापन पछि नेपालको कानून बमोजिम लेखा परिक्षण गर्न योग्य Chartered Accountant Firm बाट गराउनेछ ।
- प्रथम पक्षको हकमा लेखा परिक्षण नेपालको प्रचलित कानूनमा बमोजिम गरिनेछ ।
- दोस्रो पक्षले स्थानीय साझेदार संस्थाको लेखा परिक्षण Nepal Auditing Standard Board को NSRS 4400 Engagement to perform agreed upon procedures regarding financial information अनुसार गराउनेछ ।
- पहिलो पक्षले स्थानीय साझेदार संस्थाको समय समयमा आन्तरिक लेखा परिक्षण गर्नेछ ।
- यस परियोजनाको क्रियाकलाप सम्पादनको कार्यक्रम तथा प्रगति प्रतिवेदन र त्यसवाट आएको उपलब्धी तथा सो कार्यक्रमले पारेको प्रभावलाई समेत समेटी प्रथम पक्षलाई दोस्रो पक्षले पेश गर्नेछ ।

## ९. अनुगमन तथा मूल्यांकन:

- कार्यक्रम व्यवस्थापन तथा अनुगमन समितिले व्यवस्थापन कार्यविधि २०७७ बमोजिम चौमासिक तथा आवश्यकता अनुरुप अनुगमन तथा मूल्यांकन गर्नेछ ।

- कार्यक्रमको अन्तिम भुक्तानी हुनुअघि गाउपालिका स्तरीय अनुगमन तथा मूल्यांकन समितिले यस साझेदारी कार्यक्रमको अनुगमन मूल्यांकन गर्नेछ ।

## १०. सम्झौताको खारेजी सम्बन्धी व्यवस्था

- स्वीकृत कार्यक्रम तथा वजेट दुबै पक्षले आवश्यक ठानेमा संसोधन वा सुधार गर्न सकिनेछ । तर यस्तो हेरफेर गर्दा प्रथम पक्ष तथा दोस्रो पक्षका बीच लिखित सहमतिको आधारमा गर्न सकिनेछ ।
- यो सम्झैतामा निर्धारित समयावधि भित्र पेश्की निकासी तथा हरहिसाब फरछ्यौट नभएको खण्डमा कुनै पनि पक्षले ४५ दिनको अग्रिम लिखित सुचना दिई यो सम्झौता रद्द गर्न सकनेछ । यसरी सम्झौता रद्द गर्ने अवस्था आएमा दुबै पक्षले सम्झौता रद्द हुने मिति सम्ममा गर्नुपर्ने सबै काम वा जिम्मेवारी सम्झौता रद्द हुनुपुर्व पुरा गर्नु पर्नेछ ।
- कुनै काबु भन्दा बाहिरको परिस्थिति सृजना भई यो सम्झौता बमोजिम परियोजना संचालन हुन नसकेमा दुबै पक्षको आपसी सहमतिमा यो सम्झौता रद्द गर्न सकिनेछ । तर सम्झौता रद्द गर्नु अघि यस्तो परिस्थिति सृजना भए लगतै दुवै पक्षले छलफल गरी उपयुक्त निकास निकाल्न पहल गर्नुपर्नेछ ।

## ११. परियोजना हस्तान्तरण

परियोजना समाप्ति पश्चात परियोजनामा आवद्ध समूह तथा सहकारीलाई सम्बन्धित सरकारी तथा विषयगत निकायहरूमा सूचीकृत गरिनेछ भने परियोजनाका गतिविधिहरू प्रथम पक्षलाई हस्तान्तरण गरिनेछ ।

## १२. विविध

यस सम्झौताले नसमेटिएका विषयमा दुवै पक्ष बसी समाधान निकालिने छ ।

माथि उल्लेखित शर्तका अधिनमा रही मिति........................ ....................... दुबै पक्षद्धारा हस्ताक्षर गरियो ।

| **प्रथम पक्षको तर्फबाट** | **दोस्रो पक्षको तर्फबाट** |
|---|---|
| तिनाउँ गाउँपालिकाको | गैरसरकारी संस्थाको तर्फबाट |
| तर्फबाट सहि गर्नेका | सही गर्नेको |
| नाम: | नाम: |
| पद: | पद |
| दस्तखत: | दस्तखत: |
| मिति: | मिति: |
| कार्यालयको छाप: | संस्थाको छाप: |
| साक्षी: | साक्षी: |
| नाम: | नाम: |
| पद : | पद : |
| दस्तखत: | दस्तखत: |
| मिति: | मिति: |
| कार्यालयको छाप: | संस्थाको छाप |

प्रमाणीकरण मिति : २०७७/०८/१४

ओम बहादुर घर्तिमगर
गाउँपालिका अध्यक्ष